CITY HOTEL

चलानी नं १३२/२०८१/८२

मितिः२०८२/०१/२८

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर।

विषयः आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासिक प्रतिवेदन सम्बन्धमा।

महोदय,

उपरोक्त सम्बन्धमा यस सिटि होटल लिमिटेडको धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, को नियम २६ उपनियम १ सँग सम्बन्धित अनुसूची -१४ बमोजिमको आर्थिक वर्ष २०८१/८२ को चैत मसान्तमा अन्त्य तेस्रो त्रैमासिक प्रतिवेदन तहाँ कार्यालयमा पेश गर्दछौं । साथै सो विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिका हिमालयन टाइम्समा मिति २०८१/०१/२७ गतेका दिन प्रकाशन गरिएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

भवदीय,

CITY HOTEL LTD. KATHMANDU

.....
जेलिना महर्जन
कम्पनी सचिव
सिटि होटल लिमिटेड

बोदार्थः

१. श्री नेपाल स्टक एक्सचेन्ज लि., सिंहदरवार प्लाजा, काठमाडौं
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाडौं ।

नेपाल र हङ्कङ्बीचको पहिलो खेल रद्द

काठमाडौं/हिटा। आइसिसी महिला टी-२० विश्वकप एसिया छनोटमा नेपाल र खेल हङ्कङबीचको पहिलो खेल रद्द भएको छ। थाइल्याण्डको एशियन टेक्नोलोजी मैदानमा शुक्रबार विहान हुने भनिएको नेपाल र हङ्कङबीचको खेल राति परेको पानीको कारण मैदान भिजेपछि टस नै हुन नसकी रद्द भएको थियो।

सिटि होटल लिमिटेड

छिन्नलता चोक, सोल्टीमोड, काठमाण्डौं
५६७१२००/५६७१२०१ फ्याक्स नं. ५३८७०४९
CITY HOTEL इमेल: info@cityhotel.com.np वेबसाइट: www.cityhotel.com.np

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित अनुसूचि - १४
आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिको प्रतिवेदन

सिटी होटल लिमिटेडको २०८१ चैत्र मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

१. वित्तीय विवरण:

(क) आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिको वासलात र नाफा-नोक्सान सम्बन्धी विवरण:
आर्थिक वर्ष २०८१/०८२ अन्तर्गत कम्पनीको २०८१ चैत्र ३१ सम्ममा समाप्त (२०८१ माघ १ देखि २०८१ चैत्र ३१ सम्म) तेश्रो त्रैमासिक अवधिको वैधानिक लेखापरिक्षण हुनु पूर्वका तुलनात्मक वित्तीय विवरणहरु अनुसूचि-१ मा प्रस्तुत गरिएको छ।
तेश्रो त्रैमासिक समिक्षा अवधिमा सम्बन्धित पक्षहरु बिच नियमित व्यवसाय कारोबार र यस प्रतिवेदनमा उल्लेखित बाहेक कुनै कारोबार नभएको।

(ख) आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिको लेखापरिक्षण नभएको प्रमुख वित्तीय अनुपातहरु

विवरण	तेश्रो त्रैमासिक अवधि (२०८१ चैत्र मसान्तसम्म) (लेखापरिक्षण नभएको)	अघिल्लो त्रैमासिक अवधि (पौष मसान्त २०८१ सम्म) (लेखापरिक्षण नभएको)	तेश्रो त्रैमासिक अवधि (चैत्र मसान्त २०८०) (लेखापरिक्षण भएको)
प्रमुख वित्तीय सूचाकहरु			
ऋण पूँजीको अनुपात	०.७२	०.७१	०.६७
शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल	(०.१०)	(०.०६)	(०.१०)
प्रति शेयर आम्दानी (रु.)	(१०.३८)	(६.२७)	(९.१८)
प्रति शेयर नेटवर्थ (रु.)	७९.९३	८४.२०	९४.३६
प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.)	३३०.६७	३३०.९४	३२७.७७
प्रति शेयर बजार मूल्य (रु.)	८४०.७२	८९०.००	५९५
प्राइस अर्निङ रेसियो	(८०.९७)	(१४१.९३)	(६४.८१)
चालु अनुपात	०.३५	०.४१	०.४५

२. व्यवस्थापकीय विश्लेषण:

(क) यस सिटि होटल ह्यात प्लेस ब्राण्ड अन्तर्गत संचालन हुँदै आएकोमा मिति २०८१।०९।१७ बाट ह्यात सेन्ट्रिक ब्राण्डमा परिवर्तन भई हाल ह्यात सेन्ट्रिक ब्राण्ड अन्तर्गत संचालनमा आएको छ र यो नेपालको पहिलो ह्यात सेन्ट्रिक ब्राण्डको होटल भएको छ। यस होटलले आफूले प्रदान गर्ने सेवाहरुको गुणस्तर, खाना र अनुभवका आधारमा बेन्चमार्क कायम गरेको छ। हाम्रा अतिथिहरुले यस होटलले व्यक्तिगत मौलिकताको साथै अतिथिलाई प्रदान गर्ने सन्तुष्टिको बारेमा प्रसंशा गर्ने गर्छन्। ह्यातको Full–Service/Classics ब्राण्ड अन्तर्गत पर्ने यस ह्यात सेन्ट्रिक होटलले आफ्नो सेवा सुविधाको स्टाण्डर्ड अपग्रेड गरि राखेको छ।

ख) आफ्नो उत्कृष्ट सेवाको लागि यस होटलले Tripadvisor Travelers' Choice Awards, २०२५ को उपाधि प्राप्त गरेको छ।

ग) अन्तर्राष्ट्रिय विमानस्थलको विस्तारका कारण निश्चित समय विमानस्थल बन्द भएको तथा शहरमा भएका विभिन्न प्रदर्शनका कारण यस होटलको व्यवसायमा प्रतिकुल असर परेता पनि ब्याङ्क्वेटबाट भएको आम्दानीमा वृद्धि भएको छ। ब्याङ्क्वेटको सेवा सुविधामा भएको सुधारका कारण ब्याङ्क्वेटबाट भएको आम्दानीमा वृद्धि भएको हो।

घ) पर्यटन क्षेत्रको विकास मार्फत विदेशी मुद्रा आर्जन गर्ने, स्वदेशमा नै रोजगारी सृजना गरी नेपालमा रहेका ऐतिहासिक कला संस्कृति तथा भौगोलिक विविधताको प्रचार प्रसार तथा प्रवर्द्धन गर्ने उद्देश्यले स्वदेशी लगानीकर्ताहरुद्वारा संस्थापित एंव संचालित यस सिटि होटल लिमिटेड (हायात सेन्ट्रिक) ले आफ्नो व्यवसाय सञ्चालन गरेको छ।

ङ) यस कम्पनीले हालसम्म बैंकबाट लिएको ऋणको सावाँ तथा ब्याजको भुक्तानी नेपाल राष्ट्र बैंकद्वारा समय समयमा निर्देशित सुविधाहरु प्राप्त गर्दै निर्धारित समयमा भुक्तानी गरिरहेको छ। कम्पनीलाई नगदको आवश्यक परेको खण्डमा सञ्चालक समितिको निर्णय बमोजिम सञ्चालकहरुबाट बिना ब्याज अल्पकालिन पेश्की लिई ऋणको ब्याज भुक्तानी गरिरहेको छ। २०८१ चैत्र मसान्तमा सञ्चालकलाई तिर्नपर्ने पेश्की वापतको रकम रु. ५३,३५,८८,०००/- (अक्षरेपी त्रिपन्न करोड पैंतिस लाख अठासि हजार) रहेको छ।

३. कानूनी कारवाही सम्बन्धी विवरण:

क) हालसम्म कम्पनीले कुनै पनि मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

ख) हालसम्म कम्पनीका संस्थापक वा सञ्चालकको विरुद्धमा तथा संस्थापक वा सञ्चालकले प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ। शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तठस्थ रहेको छ।

(ख) सिटी होटल लिमिटेड कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को चैत्र मसान्तमा अन्त्य भएको तेश्रो त्रैमासिक अवधिमा प्रतिशेयर रु. १००/- का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छ:

तेश्रो त्रैमासिक आ.व.२०८१/०८२	शेयरको कारोबार (मूल्य (रु.)			कुल शेयरको कारोबार - दिन र संख्या		
	अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कुल दिन	कारोबार संख्या	कुल कारोबार शेयर संख्या
तेश्रो त्रैमासिक (२०८१ चैत्र मसान्त)	९८७/२०	८१६/१०	८४०/७२	५६	९,६४७	६२५,३६४

५. समस्या र चुनौती:

(क) आन्तरिक:
- यस कम्पनीमा आन्तरिक समस्या नरहेको।

(ख) बाह्य:
- हाल अन्य धेरै ब्राण्डेड होटलहरू खोलिने क्रममा रहेका ।
- त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको विस्तारका कारण निश्चित समय विमानस्थल बन्द भएकाले पर्यटक आगमन प्रभावित हुने भएकाले यस होटललाई समेत असर पर्ने।
- शहरमा हुने विभिन्न प्रदर्शनहरुका कारण होटलहरुको व्यवसायमा असर पर्ने।

(ग) रणनीति
- अधिक कर्पोरेट कार्यक्रमहरू र निजी समारोहहरू आकर्षित गर्न बैंक्वेट तथा खानपानका सुविधाहरूलाई सुधार गर्ने।
- दुतावासलैग सम्बन्धित इभेन्ट तथा कार्यक्रमहरु बढाई आम्दानीमा वृद्धि गर्ने।
- स्थानीय बजारबाट व्यापार बढाउनका लागि ध्यान केन्द्रित गर्ने।
- स्थानीय व्यवसायहरू र कार्यक्रम आयोजकहरूसँग सहकार्य गरी बैठक, सम्मेलन र विवाह बुकिङ बढाउने र ग्राहकहरूको निरन्तर आगमन सुनिश्चित गर्ने।
- उच्चस्तरका कार्यक्रमहरू र कर्पोरेट सभाहरू होस्टिङमा जोड दिने।
- होटललाई ट्राभल एक्सो, वर्कसप तथा ग्लोबल टुरिष्ट इभेन्टहरुको प्रमुख भेन्युको रुपमा प्रस्तुत गर्ने।
- होटल टु होटल इन्सेन्टिभ कार्यक्रमबाट लाभ लिने।
- विभिन्न ग्राहकहरु, दुतावासहरुसँग दिर्घकालिन रेटमा सम्झौता गर्ने।
- ह्यात सेन्ट्रिकका सम्बद्ध कम्पनीहरुसँगको समन्वयमा होटलको व्यवसायलाई प्रवर्द्धन गर्ने।
- कम्पनीको व्यवसायलाई समय समयमा समिक्षा गरी शेयरधनीहरुलाई उच्च प्रतिफल प्रदान गर्ने, समय अनुसार व्यवसाय वृद्धिको लागि प्रभावकारी बजार रणनीतिमा ध्यान दिई आवश्यक कार्यहरु गर्दै जाने।

६. संस्थागत सुशासन:

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण :

क) कम्पनीले प्रचलित ऐन तथा कानून बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नियम, विनियम, निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा पालना गरेको छ।

ख) कम्पनीको लेखापरिक्षण समितिले आन्तरिक लेखापरिक्षणबाट त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सल्लाह र सुझावहरु समय समयमा दिने गरेको छ।

ग) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटलको आफ्नै आन्तरिक लेखापरिक्षण विभाग समेत क्रियाशील रहि कार्यहरु गर्दै आइरहेका छन्। कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति र आन्तरिक नियन्त्रण प्रणाली लगायत अन्य आवश्यक उच्च व्यवस्थापनका पदाधिकारीहरु आ-आफ्नो स्थानबाट कम्पनीको प्रगतिका निमित्त अहोरात खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैव क्रियाशील रहि परिणाममुखी कार्यहरु गर्दै आइरहेका छन्।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सू-सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारी लुकाएको छैन।

PROVISIONAL FINANCIAL STATEMENT

As on April 13, 2025 (Chaitra End 2081) Third Quarter (Fiscal Year 2081-82)

Particulars	As on April 13, 2025 Chaitra End 2081 UNAUDITED	As on January 13, 2025 Poush End 2081 UNAUDITED	As on April 12, 2024 Chaitra End 2080 UNAUDITED
Assets			
Non Current Assets			
Property, Plant and Equipment	5,027,876,139.19	5,032,832,231.98	4,600,467,622.62
Intangible Assets	29,826,855.62	30,915,907.91	34,255,668.25
Investment Property	47,465,036.66	47,770,329.11	360,738,642.43
Deferred Tax Assets	61,528,831.36	44,052,242.02	144,882,139.31
Other Assets	58,313,569.27	59,760,015.72	41,943,439.09
Total Non Current Assets	**5,225,010,432.10**	**5,215,330,726.74**	**5,182,287,511.70**
Current Assets			
Inventories	9,892,693.67	6,132,626.07	7,011,209.45
Cash and Cash Equivalents	29,004,254.95	5,967,857.46	23,810,064.41
Trade Receivables	92,086,743.64	111,392,986.00	57,093,737.18
Prepayments	5,591,077.63	11,188,128.08	8,451,543.25
Other Assets	173,806,907.58	189,913,762.38	208,208,846.60
Total Current Assets	**310,381,677.47**	**324,595,359.99**	**304,575,400.89**
Total Assets	**5,535,392,109.57**	**5,539,926,086.73**	**5,486,862,912.59**
Equity & Liabilities			
Equity			
Share Capital	1,674,000,000.00	1,674,000,000.00	1,674,000,000.00
Share Application Money	-	-	-
Other Equity	(335,966,946.42)	(267,132,630.76)	(94,347,164.00)
Total Equity	**1,338,033,053.58**	**1,406,867,369.24**	**1,579,652,836.00**
Non Current Liabilities			
Long Term Borrowings	3,255,273,201.87	3,285,039,429.13	3,170,343,984.78
Lease Liabilities	0,748,538.51	40,688,481.17	44,852,502.47
Other Liabilities	19,797,171.21	19,582,801.08	15,984,330.16
Total Non Current Liabilities	**3,315,818,911.59**	**3,345,310,711.38**	**3,231,180,817.41**
Current Liabilities:			
Financial:			
Trade Payables	83,197,474.38	72,419,331.75	80,523,307.38
Short Term Borrowings	116,279,472.44	81,773,254.02	77,486,818.88
Lease Liabilities	3,763,641.62	3,763,641.62	4,045,465.83
Other Liabilities	678,299,555.96	629,791,778.73	513,973,667.08
Provisions	-	-	-
Total Current Liabilities	**881,540,144.40**	**787,748,006.12**	**676,029,259.18**
Total Equity and Liabilitie	**5,535,392,109.57**	**5,539,926,086.74**	**5,486,862,912.59**

PROVISIONAL STATEMENT OF PROFIT OR LOSS
FOR THE PERIOD ENDED 13 APRIL, 2025

Particulars	For Period Ended April 13, 2025 Chaitra End 2081 UNAUDITED	For Period Ended January 13, 2025 Poush End 2081 UNAUDITED	For Period Ended April 12, 2024 Chaitra End 2080 UNAUDITED
Income			
Revenue from Operations	353,832,214.18	235,791,379.36	370,296,902.99
Miscellaneous Income	21,568,307.70	21,403,587.10	50,491,151.17
Total Revenue	**375,400,521.88**	**257,194,966.46**	**420,788,054.16**
Expenditure:			
Cost of Goods Sold	88,090,850.04	59,083,218.68	96,225,751.33
Employee Cost	76,754,605.74	47,594,576.57	76,240,426.21
Brand Operator Fees	13,317,276.98	8,706,630.87	15,257,044.58
Administrative & Operating Expenses	104,508,349.38	59,309,996.58	94,575,182.69
Total Expenditure	**282,671,082.14**	**174,694,422.70**	**282,298,404.80**
Profit Before Interest, Depreciation & Tax	**92,729,439.74**	**82,500,543.76**	**138,489,649.36**
Finance Cost	205,734,128.70	42,892,624.17	250,942,517.62
Depreciation & Amortization Expenses	101,556,658.31	67,858,361.86	82,578,364.17
Profit/Loss Before Tax	**(214,561,347.27)**	**(128,250,442.27)**	**(195,031,232.44)**
Less:			
Current Tax	-	-	-
Deferred Tax	(40,758,091.60)	(23,281,502.26)	(41,330,641.08)
Net Profit/Loss After Tax	**(173,803,255.67)**	**(104,968,940.01)**	**(153,700,591.36)**

Notes:
The above Financial Statement is presented in accordance with Nepal Financial Reporting Standard (NFRS). The financial statement is subject to change at the time of statutory audit or changes made by Regulatory authority, if any.